# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८) काठमाडौं, असार २९ गते २०५५ साल (अतिरिक्ताङ्क २६


## भाग २

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको सत्ताइसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०५५ सालको ऐन नं. ४

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## निजामती सेवा ऐन, २०४९ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : निजामती सेवा ऐन, २०४९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको सत्ताइसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ (१) यस ऐनको नाम "निजामती सेवा (पहिलो संशोधन) ऐन, २०५५" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. निजामती सेवा ऐन, २०४९ मा दफा २क. थप : निजामती सेवा ऐन, २०४९ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ पछि देहायको दफा २क. थपिएकोछ :-

"२क. कर्मचारी प्रशासन सम्बन्धी केन्द्रीय निकाय : (१) देशको प्रशासन सञ्चालन गर्न निजामती सेवाको गठन, सञ्चालन र सेवा शर्तहरु तथा निजामती कर्मचारीको व्यवस्थापन र सञ्चालनका सम्बन्धमा सामान्य प्रशासन मन्त्रालयले केन्द्रीय निकायको रुपमा काम गर्नेछ ।

(२) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा उल्लेख भएदेखि बाहेक निजामती कर्मचारी प्रशासन सम्बन्धी काम सामान्य प्रशासन मन्त्रालयको नीतिगत स्वीकृति बिना गर्न पाईने छैन ।"

३. मूल ऐनको दफा ३ मा संशोधन : मूल ऐनको दफा ३ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएकोछ :-

"(क) नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा"

४. मूल ऐनको दफा ६ मा संशोधन : मूल ऐनको दफा ६ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएकोछ :-

"(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल न्याय सेवाको पदमा बाहेक अन्य सेवाको राजपत्राङ्कित प्रथम श्रेणीभन्दा माथि सेवा, समूह वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उपसमूह रहने छैन ।"

५. <u>मूल ऐनमा दफा ६क. थप</u> : मूल ऐनको दफा ६ पछि देहायको दफा ६क. थपिएकोछ :-

"६क. <u>दरबन्दी श्रृजना</u> : (१) निजामती सेवामा रहने पदहरुको दरबन्दी तोकिए बमोजिम श्रृजना हुनेछ ।

(२) सामान्य प्रशासन मन्त्रालय र अर्थ मन्त्रालयको सहमति बिना दरबन्दी श्रृजना गर्न पाईने छैन ।

(३) उपदफा (१) र (२) विपरीत दरबन्दी श्रृजना गरी पूर्ति गरिएको पद स्वत: खारेज हुनेछ ।"

६. <u>मूल ऐनको दफा ७ मा संशोधन</u> : मूल ऐनको दफा ७ को सट्टा देहायको दफा ७ राखिएकोछ :-

"७. <u>निजामती सेवाको पदपूर्ति</u> : (१) निजामती सेवाको देहायको पद देहाय बमोजिम पूर्ति गरिनेछ :-

| पद | बढुवा | | | |
|---|---|---|---|---|
| | खुल्ला प्रतियोगिता द्वारा | कार्य क्षमताको मूल्यांकन द्वारा | आन्तरिक प्रतियोगिता-त्मक परीक्षा द्वारा | अन्तर सेवा प्रतिस्पर्धा द्वारा |
| (क) राजपत्र अनङ्कित चतुर्थ श्रेणीको पदमा | - | - | - | - |
| (ख) राजपत्र अनङ्कित तृतीय श्रेणीको पदमा | ६०% | ४०% | - | - |
| (ग) राजपत्र अनङ्कित द्वितीय र प्रथम श्रेणीको पदमा | ६०% | ४०% | - | - |
| (घ) राजपत्राङ्कित तृतीय श्रेणीको पदमा | ७५% | - | २५% | - |


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| (ङ) राजपत्राङ्कित | | | | |
| (१) द्वितीय श्रेणीको पदमा | १०% | ८०% | १०% | – |
| (२) प्रथम श्रेणीको पदमा | १०% | ८०% | – | १०% |
| (च) राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा | – | १००% | – | – |

(२) उपदफा (१) को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि राजपत्र अनङ्कित चतुर्थ श्रेणीको पदमा कुनै निजामती कर्मचारी नरहेमा सो पद स्वतः खारेज हुनेछ र त्यसरी राजपत्र अनङ्कित चतुर्थ श्रेणीको पद खारेज भएपछि राजपत्र अनङ्कित तृतीय श्रेणीको पदमा शत प्रतिशत खुला प्रतियोगिताद्वारा पूर्ति गरिनेछ ।

(३) उपदफा (१) को खण्ड (घ) बमोजिम आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गर्न छुट्याईएको २५% पदमध्ये १०% पद आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा र बाँकी १५% पद सम्बन्धित सेवा वा समूहभित्रको एक श्रेणी मुनिको पदमा १० वर्ष सेवा अवधि पुगेका निजामती कर्मचारीहरुमध्येबाट कार्य सम्पादन मूल्यांकन र अन्तर्वार्ताबाट छनौट गरी पूर्ति गरिनेछ । अन्तर्वार्ताको अङ्कभार लोक सेवा आयोगले तोके बमोजिम हुनेछ ।

(४) विशेषज्ञ पद तथा श्रेणी विहीन पदहरुको पूर्ति तोकिए बमोजिम हुनेछ ।"

मूल ऐनमा दफा ७क., ७ख. र ७ग. थप : मूल ऐनको दफा ७ पछि देहायका दफा ७क., ७ख. र ७ग. थपिएका छन् :–


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"७क. पद रिक्त भएपछि सूचना दिनु पर्ने : निजामती सेवाको कुनै पद रिक्त भएमा त्यसको सूचना सात दिनभित्र लोक सेवा आयोगलाई दिनु पर्नेछ । सो अवधिभित्र सूचना नदिने सम्बन्धित कार्यालय प्रमुखलाई विभागीय कारबाही हुनेछ ।

७ख. पदपूर्तिमा बन्देज : (१) निजामती सेवाको कुनै पनि पदमा यस ऐनमा व्यवस्था भएदेखि बाहेक अन्य कुनै पनि तरिकाबाट पदपूर्ति गरिने छैन ।

(२) मन्त्रालय, सचिवालय, आयोग र विभाग तथा उपत्यकाभित्र रहेका कार्यालयमा कार्यरत निजामती कर्मचारीको हकमा निजामती किताबखाना र जिल्लास्थित कार्यालयका निजामती कर्मचारीको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पास नगराई तलब खुवाउन हुँदैन ।

(३) उपदफा (१) विपरीत कर्मचारी नियुक्ति गरेमा वा उपदफा (२) बमोजिम तलबी प्रतिवेदन पास नगरी तलब खुवाएको पाइएमा त्यस्तो कर्मचारीले पाएको तलब, भत्ता र अन्य सुविधा बापतको रकम नियुक्ति गर्ने पदाधिकारीबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

७ग. ज्यालादारी वा करारमा नियुक्ति गर्न नपाईने : (१) यो ऐन प्रारम्भ भएपछि कसैले पनि निजामती कर्मचारीले गर्नु पर्ने कामको लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्ति गर्न पाईने छैन ।

(२) उपदफा (१) विपरीत कसैले कुनै व्यक्तिलाई नियुक्ति गरेमा त्यसरी नियुक्ति पाएको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

व्यक्तिले पाएको तलब भत्ता र अन्य सुविधा बापतको रकम नियुक्ति गर्ने पदाधिकारीबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।"

८. मूल ऐनको दफा ८ मा संशोधन : मूल ऐनको दफा ८ को सट्टा देहायको दफा ८ राखिएकोछ :-

"८. लोक सेवा आयोगको सिफारिसमा नियुक्ति हुने : (१) खुल्ला प्रतियोगिता वा आन्तरिक प्रतियोगिता वा अन्तरसेवा प्रतिस्पर्धाद्वारा पूर्ति हुने पदमा लोक सेवा आयोगको सिफारिसमा नियुक्ति गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल न्याय सेवाको रिक्त राजपत्राङ्कित द्वितीय श्रेणी वा सो भन्दा माथिको श्रेणीमा आन्तरिक प्रतियोगिता वा अन्तरसेवा प्रतिस्पर्धाद्वारा पूर्ति हुने पदमा न्याय सेवा आयोगको सिफारिसमा नियुक्ति गरिनेछ।"

९. मूल ऐनको दफा १० मा संशोधन : मूल ऐनको दफा १० को सट्टा देहायको दफा १० राखिएकोछ :-

"१०. उम्मेदवार हुनको लागि अयोग्यता : (१) देहायका व्यक्तिहरु निजामती सेवाको पदमा उम्मेदवार हुन सक्ने छैनन् :-

(क) राजपत्र अनङ्कित र श्रेणी विहीन पदमा १८ वर्ष उमेर पूरा नभएका,

(ख) राजपत्राङ्कित पदमा २१ वर्ष उमेर पूरा नभएका,

(ग) पुरुष उम्मेदवारको हकमा पैंतीस वर्ष र महिला उम्मेदवारको हकमा चालीस वर्ष उमेर पूरा भैसकेका,


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर -

(१) भूतपूर्व सैनिक वा प्रहरी नियुक्ति हुने भनी तोकिएको निजामती सेवाको पद वा प्राविधिक पदमा चालीस वर्ष ननाघेको जुनसुकै व्यक्ति उम्मेदवार हुन सक्नेछ ।

(२) राजपत्राङ्कित द्वितीय वा प्रथम श्रेणीमा खुल्ला प्रतियोगिताद्वारा नियुक्ति गर्दा पैंतालीस वर्ष ननाघेको व्यक्ति उम्मेदवार हुन सक्नेछ ।

(३) निजामती सेवाका स्थायी बहालवाला कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।

(घ) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएका,

(ङ) गैर नेपाली नागरिक,

(च) नैतिक पतन देखिने फौज्दारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको ।

(२) निजामती सेवाको कुनै पदमा अस्थायी नियुक्ति पाई कम्तीमा पाँच वर्ष अविच्छिन्न रुपमा सेवा गरिरहेका महिला निजामती कर्मचारीको हकमा यो ऐन प्रारम्भ भएपछि हुने लोक सेवा आयोगको विज्ञापनमा एकपटक उम्मेदवार हुन उमेरको बन्देज लाग्ने छैन ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

१०. मूल ऐनको दफा ११ मा संशोधन : मूल ऐनको दफा ११ को सट्टा देहायको दफा ११ राखिएकोछ :-

"११. अस्थायी नियुक्ति सम्बन्धी व्यवस्था : (१) लोक सेवा आयोगले आफूले सञ्चालन गरेको परीक्षामा स्थायी नियुक्तिका लागि सिफारिस नभएका उम्मेदवारहरु मध्येबाट अस्थायी नियुक्ति गर्ने प्रयोजनको लागि छुट्टै योग्यताक्रम अनुसारको सूची प्रकाशन गर्नेछ ।

(२) निजामती सेवाको कुनै रिक्त पदमा अस्थायी नियुक्ति गर्नु पर्ने भएमा सम्बन्धित मन्त्रालयले लोक सेवा आयोगमा लेखी पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम लेखी आएमा लोक सेवा आयोगले योग्यताक्रमको सूचीमा रहेका व्यक्तिलाई सम्बन्धित मन्त्रालयको मागको आधारमा अस्थायी नियुक्ति गर्न नाम सिफारिस गरी पठाउनेछ ।

(४) उपदफा (३) बमोजिम सिफारिस भएका व्यक्तिलाई बढीमा ६ महिनासम्मको लागि सम्बन्धित मन्त्रालयले अस्थायी नियुक्ति गर्नेछ ।

(५) उपदफा (४) बमोजिम अस्थायी नियुक्ति गरेको जानकारी सम्बन्धित मन्त्रालयले सात दिनभित्र सामान्य प्रशासन मन्त्रालयलाई दिनु पर्नेछ ।

(६) यस दफा विपरीत कसैले अस्थायी नियुक्ति गरेमा त्यस्तो नियुक्ति भएको निजामती कर्मचारीले खाइपाई आएको तलब, भत्ता र अन्य सुविधा बापतको रकम नियुक्ति गर्ने पदाधिकारीबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।"

११. मूल ऐनको दफा १३ मा संशोधन : मूल ऐनको दफा १३ को सट्टा देहायको दफा १३ राखिएकोछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

"१३. कायम मुकायम : (१) यस ऐन बमोजिमको कुनै पनि पदमा कायम मुकायम मुकरर गरिने छैन ।

तर विभागीय प्रमुख वा कार्यालय प्रमुखको पद रिक्त भएमा वा त्यस्तो पदमा बहालवाला कर्मचारी पन्ध्र दिनभन्दा बढी समयसम्म बिदामा बसेमा वा कानूनी कारबाहीमा परेमा सो पदमा तत्काल काम चलाउनको लागि समान स्तर वा बढुवाको लागि सम्भाव्य उम्मेदवार भईसकेको एक तह मुनिको निजामती कर्मचारीलाई बढीमा छ महिनाको लागि कायम मुकायम मुकरर गर्न सकिनेछ । यसरी कुनै पदमा कायम मुकायम मुकरर गरिसकेपछि सोही वा अन्य व्यक्तिलाई पुन: सो पदमा कायम मुकायम मुकरर गर्न सकिने छैन ।

(२) उपदफा (१) विपरीत कुनै कर्मचारीलाई कायम मुकायम मुकरर गरेमा निजले सो पदमा रहँदा खाइपाई आएको तलब, भत्ता र अन्य सुविधा बापतको रकम कायम मुकायम मुकरर गर्ने पदाधिकारीबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।"

१२. मूल ऐनको दफा १५ मा संशोधन : मूल ऐनको दफा १५ को सट्टा देहायको दफा १५ राखिएकोछ :-

"१५. पदस्थापन सम्बन्धी व्यवस्था : निजामती कर्मचारीलाई पदस्थापन गर्दा निजको शैक्षिक योग्यता, तालिम र अनुभवको आधारमा गरिनेछ ।

तर राजपत्रांकित प्रथम श्रेणी र राजपत्रांकित प्रथम श्रेणी सम्मको विभागीय प्रमुखको पदमा पदस्थापन सामान्य प्रशासन मन्त्रालयको सिफारिस बमोजिम गरिनेछ । सामान्य प्रशासन मन्त्रालयले त्यस्तो पदमा पदस्थापनको लागि सिफारिस गर्दा सम्बन्धित


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मन्त्रालयसंग समन्वय गरी उल्लेखित कुराहरुको अतिरिक्त सो पदमा नेतृत्व वहन गर्न सक्ने क्षमता भएको निजामती कर्मचारीहरुमध्येबाट सिफारिस गर्नेछ।"

१३. मल ऐनको दफा १६ मा संशोधन : मूल ऐनको दफा १६ मा रहेका "नियुक्ति गर्दा" भन्ने शब्दहरु पछि "महिला निजामती कर्मचारीको हकमा छ महिना र पुरुष निजामती कर्मचारीको हकमा" भन्ने शब्दहरु थपिएका छन्।

१४. मल ऐनको दफा १७ मा संशोधन : मूल ऐनको दफा १७ मा रहेको स्पष्टीकरण बाहेकको प्रतिबन्धात्मक वाक्यांश झिकिएकोछ।

१५. मल ऐनको दफा १८ मा संशोधन : मूल ऐनको दफा १८ को सट्टा देहायको दफा १८ राखिएकोछ :-

"१८. सरुवा गर्ने अधिकार : (१) निजामती कर्मचारीलाई देशको विभिन्न भौगोलिक क्षेत्रको अनुभव समेत दिलाउनका लागि सरुवा गरिनेछ र त्यस्तो सरुवा गर्ने अधिकार अख्तियारवालालाई हुनेछ।

(२) विशेषज्ञताको सेवा लिनु पर्ने पदमा रहेको र स्थानीय स्तरमा अन्यत्र कतै पनि निजको सेवा, समूह वा उपसमूह सम्बन्धी पद तथा कार्यालय नभएको निजामती कर्मचारी बाहेक अन्य निजामती कर्मचारीहरुको सरुवा गर्दा अख्तियारवालाले "क" वर्गको भौगोलिक क्षेत्रमा कम्तीमा एक वर्ष र अधिकतम अठार महिनाभन्दा बढी नहुने गरी र अन्य भौगोलिक क्षेत्रमा कम्तीमा दुई वर्ष र अधिकतम तीन वर्षभन्दा बढी नहुने गरी सरुवापत्रमा अवधि तोकी सरुवा गर्नु पर्नेछ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर देहायका अवस्थामा कुनै कार्यालयमा पदस्थापन भएको निजामती कर्मचारीलाई सो अवधि नपुग्दै सरुवा गर्नु परेमा सामान्य प्रशासन मन्त्रालयको सहमति लिई सरुवा गर्न सकिनेछ :-

(१) कुनै स्थानमा कार्यरत निजामती कर्मचारी अशक्त भै सो स्थानमा निजको उपचार हुन नसक्ने देखिएको कुरा श्री ५ को सरकारद्वारा तोकिएको मेडिकल बोर्डले सिफारिस गरेमा,

(२) कुनै निजामती कर्मचारीलाई विभागीय कारबाही गर्नु पर्दाको अवस्थामा,

(३) कुनै पनि निजामती कर्मचारीलाई निज कार्यरत कार्यालयमा राखी राख्न उपयुक्त नभएको अवस्थामा ।

<u>स्पष्टीकरण</u>: यस उपदफाको प्रयोजनको लागि एक वर्ष भन्नाले घटीमा २३३ दिन रुजु हाजिर भएकोलाई मानिनेछ ।

(३) उपदफा (२) बमोजिम सरुवा गर्दा रिक्त पद मिलेसम्म निजामती कर्मचारीको पति पत्नी दुवै सरकारी सेवामा भए एउटै जिल्लामा पठाइनेछ ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि राजपत्र अनङ्कित र श्रेणी विहीन निजामती कर्मचारीहरुलाई घर पायक स्थानमा पदस्थापन गर्न प्राथमिकता दिइनेछ ।

(५) विभागीय कारबाही गर्नु पर्दाको अवस्थामा बाहेक अन्य परिस्थिति परी उपदफा (२) बमोजिमको


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अवधि नपुग्दै कुनै निजामती कर्मचारीलाई सरुवा गरिएमा त्यस्तो कर्मचारीलाई नयाँ ठाउँमा बन्दोबस्त गर्नको लागि तोकिए बमोजिमको रकम दिइनेछ।

तर कुनै कर्मचारी आफ्नो अनुरोधमा सरुवा भएको भए निजलाई त्यस्तो रकम दिईने छैन।

(६) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मन्त्रालय र अन्तर्गतको विभाग वा कार्यालयको निजामती कर्मचारीलाई अर्को मन्त्रालय र अन्तर्गतको विभाग वा कार्यालयमा सामान्य प्रशासन मन्त्रालयले सरुवा गर्न सक्नेछ।

(७) यस दफा विपरीत अख्तियारवालाले गरेको सरुवा सामान्य प्रशासन मन्त्रालयले र सामान्य प्रशासन मन्त्रालयले गरेको सरुवा श्री ५ को सरकारले रद्द गर्नेछ।

(८) सरुवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

१६. मूल ऐनमा दफा १८क., १८ख. र १८ग. थप मूल ऐनको दफा १८ पछि देहायका दफा १८क., १८ख. र १८ग. थपिएका छन् :-

"१८क. काज सम्बन्धी व्यवस्था : (१) निजामती कर्मचारीलाई निज कार्यरत रहेको मन्त्रालय, सचिवालय, आयोग, विभाग वा कार्यालयबाट सोही निकायको काममा मात्र अन्य स्थानमा काज खटाउन सकिनेछ। यसरी काज खटाउँदा एक वर्षमा तीन महिनाभन्दा बढी अवधिको लागि काज खटाउन पाईने छैन।

तर तालिम, गोष्ठी आदिमा सो भन्दा बढी अवधिको लागि काज खटाउन सकिनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) निजामती सेवामा कार्यरत कुनै पनि निजामती कर्मचारीलाई निजामती सेवाको पद नभएको निकायमा काजमा खटाउँदा वा काज फिर्ता गर्दा सामान्य प्रशासन मन्त्रालयको सहमति लिनु पर्नेछ ।

(३) उपदफा (१) र (२) विपरीत कुनै निजामती कर्मचारीलाई काजमा खटाइएमा त्यसरी काजमा खटिएको निजामती कर्मचारीले सो अवधिमा खाइपाई आएको तलब, भत्ता र अन्य सुविधा बापतको रकम काज खटाउने पदाधिकारीबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

१८ख. <u>जिम्मेवारी नदिई राख्न नहुने</u> : देहायका अवस्थामा बाहेक कुनै निजामती कर्मचारीलाई पदीय जिम्मेवारी नदिई एक महिनाभन्दा बढी अवधिसम्म राख्न पाइने छैन :-

(क) लामो बिदामा रहेकोमा,

(ख) निलम्बन भएकोमा,

(ग) अन्यत्र काजमा खटिएको कारण पदाधिकार रहेको पदमा कायम राख्नु पर्ने भएमा ।

१८ग. <u>समयभित्रै कार्य सम्पन्न गर्नु पर्ने</u> : (१) यो ऐन प्रारम्भ भएपछि सम्बन्धित निकायले नियुक्ति, सरुवा, काज, कायम मुकायम सम्बन्धमा यस ऐन बमोजिम मिलान गर्नु पर्ने काम दुई महिनाभित्र सम्पन्न गरी सोको जानकारी सामान्य प्रशासन मन्त्रालयलाई दिनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८९

(२) सम्बन्धित निकायले उपदफा (१) बमोजिमको समयावधिभित्र सो काम नगरेमा सामान्य प्रशासन मन्त्रालयले तत्काल गर्नेछ ।"

१७. मूल ऐनको दफा १९ मा संशोधन : मूल ऐनको दफा १९ को सट्टा देहायको दफा १९ राखिएकोछ :-

"१९. बढुवा : (१) नेपाल न्याय सेवाको राजपत्राङ्कित पदमा बाहेक अन्य निजामती सेवाको राजपत्राङ्कित पदमा बढुवा गर्दा दफा २० बमोजिमको बढुवा समितिको सिफारिसमा गरिनेछ ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि राजपत्रांकित विशिष्ट श्रेणीको पदमा देहाय बमोजिम बढुवा गरिनेछ :-

(क) राजपत्राङ्कित विशिष्ट श्रेणीको मुख्य सचिवको पदमा बढुवा गर्दा बहालवाला सचिवहरुमध्येबाट श्री ५ को सरकारले ज्येष्ठता र कार्यकुशलताको आधारमा छनौट गरी बढुवा गर्नेछ ।

(ख) राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव वा सो सरहको रिक्त पदमा बढुवा गर्न बढुवा समितिले उपलब्ध भएसम्म रिक्त पदको पचास प्रतिशत थप उम्मेदवारलाई कार्य सम्पादन क्षमताको आधारमा सिफारिस गर्नेछ र त्यसरी सिफारिस गरिएका उम्मेदवारहरुमध्येबाट श्री ५ को सरकारले ज्येष्ठता र कार्यकुशलताको आधारमा उपयुक्त ठहऱ्याएको उम्मेदवारलाई बढुवा गर्नेछ ।


अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर रिक्त पद बिजोर संख्यामा भएमा सिफारिस गर्नु पर्ने थप पचास प्रतिशत संख्यामा एउटा उम्मेदवार थप गरी सिफारिस गर्नु पर्नेछ ।"

१८. मूल ऐनको दफा २० मा संशोधन : मूल ऐनको दफा २० को,-

(१) उपदफा (१) मा रहेका "न्याय सेवाको" भन्ने शब्दहरु पछि "राजपत्राङ्कित" भन्ने शब्द थपिएकोछ ।

(२) उपदफा (३) पछि देहायका उपदफा (४) र (५) थपिएका छन् :-

"(४) बढुवा समितिले बढुवा नामावली प्रकाशन गर्दा उम्मेदवारले पाएको अङ्क समेत प्रकाशन गर्नु पर्नेछ ।

(५) बढुवा समितिले वार्षिक कार्य तालिका बनाई सो तालिका बमोजिम आफ्नो कार्य सञ्चालन गर्नु पर्नेछ ।"

१९. मूल ऐनमा दफा २०क. थप : मूल ऐनको दफा २० पछि देहायको दफा २०क. थपिएकोछ :-

"२०क. बढुवा सम्बन्धी विशेष व्यवस्था: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एउटै श्रेणीमा कम्तीमा पन्ध्र वर्षसम्म बहाल रहिरहेका राजपत्राङ्कित तृतीय श्रेणी वा सो भन्दा मुनिका निजामती कर्मचारीको दफा ३३ बमोजिम अवकाश हुन एक महिना बाँकी भएमा निजलाई एक तह माथिको पदमा बढुवा गरिनेछ ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एउटै पदमा कम्तीमा पन्ध्र वर्षसम्म बहाल रहिरहेका राजपत्राङ्कित तृतीय श्रेणी वा सो भन्दा

मुनिका कुनै निजामती कर्मचारीले दफा ३५ बमोजिम स्वेच्छिक अवकाश लिन चाही निवेदन दिएमा निजलाई एक तह माथिको पदमा बढुवा गरी अवकाश दिइनेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम बढुवा गर्नको लागि स्वतः विशेष पद श्रृजना हुनेछ र त्यस्तो निजामती कर्मचारी सेवाबाट अवकाश भएपछि सो पद स्वतः खारेज हुनेछ ।"

२०. मूल ऐनको दफा २१ मा संशोधन : मूल ऐनको दफा २१ को सट्टा देहायको दफा २१ राखिएकोछ :-

"२१. बढुवाको लागि उम्मेदवार हुन चाहिने न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता : (१) बढुवाको निमित्त उम्मेदवार हुन बढुवा हुने पदको श्रेणी भन्दा एक श्रेणी मुनिको पदको लागि तोकिए बमोजिमको शैक्षिक योग्यता र देहाय बमोजिम न्यूनतम सेवा अवधि पुगेको हुनु पर्नेछ :-

(क) राजपत्र अनङ्कित पदहरुमध्ये –

(१) तृतीय र द्वितीय श्रेणीको पदको निमित्त दुई वर्ष,

(२) प्रथम श्रेणीको पदको निमित्त तीन वर्ष ।

(ख) राजपत्राङ्कित पदहरुमध्ये –

(१) तृतीय श्रेणीको पदको निमित्त चार वर्ष,

(२) द्वितीय श्रेणीको पदको निमित्त पाँच वर्ष,

(३) प्रथम श्रेणीको पदको निमित्त चार वर्ष,

(४) विशिष्ट श्रेणीको पदको निमित्त पाँच वर्ष ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि महिला निजामती कर्मचारीहरुको उल्लिखित सेवा अवधिमा एक वर्ष कम सेवा अवधि भए पनि बढुवाको लागि सम्भाव्य उम्मेदवार हुनेछन् ।"

२१. <u>मूल ऐनमा दफा २२क. थप</u> : मूल ऐनको दफा २२ पछि देहायको दफा २२क. थपिएकोछ :-

"२२.क <u>बढुवा नियुक्तिको रोक्का तथा फुकुवा</u> : कुनै निजामती कर्मचारीको बढुवाको लागि सिफारिस भइसकेपछि बढुवा नियुक्ति नपाउन्जेल निलम्बन वा बढुवा रोक्का वा तलब वृद्धि रोक्का भएमा उल्लिखित अवधिभर निजको बढुवा नियुक्ति रोक्का गरिनेछ र निलम्बनबाट निजले सफाई पाएमा वा रोक्का अवधि समाप्त भएपछि निज निलम्बन वा रोक्का नभए सरह मानी नियुक्ति दिई ज्येष्ठता मात्र कायम गरिनेछ ।"

२२. <u>मूल ऐनको दफा २४ मा संशोधन</u> : मूल ऐनको दफा २४ को सट्टा देहायको दफा २४ राखिएकोछ :-

"२४. <u>बढुवाको आधार</u> : (१) बढुवा समितिले निजामती कर्मचारीलाई बढुवाको लागि सिफारिस गर्दा निजको कार्यक्षमताको आधारमा गर्नेछ ।

(२) निजामती कर्मचारीको कार्यक्षमताको मूल्याङ्कन गर्दा देहाय बमोजिम बढीमा १०० अङ्क दिइनेछ :-

(क) कार्य सम्पादन मूल्याङ्कन बापत - चालीस अङ्क

(ख) हालको श्रेणीको ज्येष्ठता बापत - अठ्ठाईस अङ्क



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) भौगोलिक क्षेत्रमा
काम गरे बापत - पन्ध्र अङ्क
(घ) शैक्षिक योग्यता बापत - पन्ध्र अङ्क
(ङ) तालिम बापत - दुई अङ्क"

२३. मूल ऐनमा दफा २४क., २४ख., २४ग., २४घ., २४ङ. र २४च. थप : मूल ऐनको दफा २४ पछि देहायका दफा २४क., २४ख., २४ग., २४घ., २४ङ. र २४च. थपिएका छन् :-

"२४क. कार्य सम्पादनको मूल्यांकन : (१) निजामती कर्मचारीको कार्य सम्पादनको मूल्यांकन गर्न तोकिए बमोजिमको कार्य सम्पादन मूल्यांकन फाराम प्रयोग गरिनेछ ।

(२) निजामती कर्मचारीको कार्य सम्पादन मूल्यांकनको कुल अङ्कको विभाजन देहाय बमोजिम हुनेछ :-

(क) सुपरिवेक्षकले दिनसक्ने
अधिकतम पच्चीस अङ्क
(ख) पुनरावलोकनकर्ताले
दिनसक्ने अधिकतम दस अङ्क
(ग) पुनरावलोकनसमितिले
दिनसक्ने अधिकतम पाँच अङ्क

(३) सुपरिवेक्षक, पुनरावलोकनकर्ता र पुनरावलोकन समितिले निजामती कर्मचारीहरुको कार्य सम्पादन बापत अङ्क दिँदा यस दफा र कार्य सम्पादन मूल्याङ्कन फाराममा उल्लिखित आधार अनुरुप दिनु पर्नेछ ।

(४) निजामती कर्मचारीको कार्य सम्पादन मूल्यांकन त्रैमासिक र वार्षिक रुपमा गरिनेछ ।



९५५ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) उपदफा (४) बमोजिम त्रैमासिक रुपमा कार्य सम्पादन मूल्यांकन गर्दा कार्यालय प्रमुखले सुपरिवेक्षक र पुनरावलोकनकर्तासंग परामर्श गरी निजामती कर्मचारीले पाउने अङ्कको किटान गर्नु पर्नेछ । कार्यालय प्रमुखले यसरी गरेको मूल्यांकनको दुई प्रति तयार गरी एक प्रति सम्बन्धित कर्मचारीको व्यक्तिगत फाईलमा र अर्को एक प्रति सम्बन्धित कर्मचारीलाई मूल्यांकन गरेको महिनाको ७ गतेभित्र उपलब्ध गराई सक्नु पर्नेछ । सो अवधिभित्र मूल्यांकन नगर्ने वा आफूले गरेको मूल्यांकनको विवरण सम्बन्धित कर्मचारीलाई उपलब्ध नगराउने कार्यालय प्रमुखको कार्य सम्पादन मूल्यांकनमा तीन अङ्क कट्टा गरिनेछ र कार्य सम्पादन मूल्यांकन गर्नु नपर्ने पदाधिकारीको हकमा श्री ५ को सरकारले तीन तलब वृद्धि घटाउनेछ ।

(६) कार्यालय प्रमुखले वार्षिक रुपमा मूल्यांकन गर्नु पर्ने कार्य सम्पादन मूल्यांकन गरी त्यसको तीन प्रति तयार गरी एक एक प्रति लोक सेवा आयोग र बढुवा समितिको सचिवालयमा पठाई अर्को एक प्रति सम्बन्धित कार्यालयमा राख्नु पर्नेछ । सो अवधिभित्र कार्य सम्पादन मूल्यांकन नगर्ने वा तोकिएको अवधिभित्र बढुवा समितिको सचिवालयमा मूल्यांकन फाराम उपलब्ध नगराउने कार्यालय प्रमुखको कार्य सम्पादन मूल्यांकनमा तीन अङ्क कट्टा गरिनेछ र कार्य सम्पादन मूल्याङ्कन गर्नु नपर्ने पदाधिकारीको हकमा श्री ५ को सरकारले तीन तलब वृद्धि घटाउनेछ ।

(७) वार्षिक रुपमा गरिने कार्य सम्पादन मूल्याङ्कन बापत सुपरिवेक्षक वा पुनरावलोकनकर्ताले ९५ प्रतिशत भन्दा बढी वा ७५ प्रतिशत भन्दा कम अङ्क प्रदान्



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरेकोमा सोको स्पष्ट कारण खुलाउनु पर्छ र ७५ प्रतिशत भन्दा कम अङ्क दिएकोमा सम्बन्धित कर्मचारीलाई जानकारी गराई निजले प्रतिक्रिया दिएमा सो समेत राखी पुनरावलोकन समिति समक्ष पेश गर्नु पर्नेछ । कार्य सम्पादन मूल्याङ्कनमा पुनरावलोकन समितिलाई सुपरिवेक्षक वा पुनरावलोकनकर्ता वा दुवैको सो मूल्याङ्कन चित्त नबुझेमा सोको स्पष्ट कारण समेत खुलाई फिर्ता पठाउन सक्नेछ । त्यसरी फिर्ता पठाएकोमा सम्बन्धित मूल्याङ्कनकर्ताले पुन: मूल्याङ्कन गरी वा पहिले गरेको मूल्याङ्कनमा संशोधन गर्न आवश्यक नभए सोको औचित्यपूर्ण कारण खुलाई पठाउनु पर्नेछ ।

(८) कार्य सम्पादन मूल्यांकनको प्रयोजनको निमित्त अङ्क गणना गर्दा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन जति वर्षको सेवा आवश्यक पर्ने हो पछिल्लो त्यति वर्षको कार्य सम्पादन मूल्याङ्कन फारामको औसतबाट हिसाब गरिनेछ ।

तर -

(१) अध्ययन वा तालिममा गएको अवधिको कार्य सम्पादन मूल्याङ्कन बापत त्यस्तो अध्ययन वा तालिममा जानुभन्दा तत्काल अघिको वर्षमा जति अङ्क पाएको छ त्यही अनुपातमा नै अङ्क दिइनेछ ।

(२) असाधारण बिदामा बसेको अवधिलाई कटाएर मात्रै सम्भाव्य उम्मेदवारीको हिसाब गरिनेछ र त्यस्तो असाधारण बिदाको अवधिको कार्य सम्पादनको मूल्याङ्कन फाराम भरिने छैन । एक

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वर्षभन्दा कम तर छ महिना वा सो भन्दा बढी अवधिको कार्य सम्पादनको मूल्याङ्कन गर्दा एक वर्षकै लागि तोकिएको अङ्कको दामासाहीले गणना गरिनेछ।

(९) सम्भाव्य उम्मेदवार हुने अवधि (आषाढ मसान्त) बाहेक बढुवाको अङ्क दरखास्त दिने अन्तिम म्याद सम्मको मात्र गणना गरिनेछ।

(१०) कार्य सम्पादन मूल्यांकन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२४ख. <u>ज्येष्ठताको मूल्याङ्कन</u> : निजामती कर्मचारीलाई ज्येष्ठता बापतको अङ्क प्रदान गर्दा हाल बहाल रहेको श्रेणीमा काम गरेको प्रत्येक वर्षको लागि दुई अङ्कको दरले बढीमा अठ्ठाईस अङ्क प्रदान गरिनेछ।

तर –

(१) ज्येष्ठता बापत अङ्क गणना गर्दा एक वर्षभन्दा बढी चानचुन महिना वा दिनको लागि दामासाहीको हिसाबले अङ्क दिइनेछ।

(२) यस खण्डको प्रयोजनको लागि गयल भएको वा असाधारण बिदामा बसेको अवधिको अङ्क दिइने छैन।

२४ग. <u>भौगोलिक क्षेत्रमा काम गरेको अनुभवको मूल्याङ्कन</u> : (१) निजामती कर्मचारीलाई विभिन्न भौगोलिक क्षेत्रमा काम गरेको अनुभवको अङ्क प्रदान गर्दा देशको विभिन्न भौगोलिक क्षेत्रलाई क्रमशः "क", "ख", "ग", "घ" र "ङ" पाँच वर्गमा विभाजन गरी तीमध्ये एक वा एकभन्दा बढी वर्गमा काम गरेको अनुभव बापत पन्ध्र अङ्कमा नबढ्ने गरी देहाय बमोजिम अङ्क दिइनेछ :–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) "क" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि अङ्क ३.२५ का दरले,

(ख) "ख" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि अङ्क २.७५ का दरले,

(ग) "ग" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि अङ्क २.२५ का दरले,

(घ) "घ" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि अङ्क १.७५ का दरले,

(ङ) "ङ" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि अङ्क १.२५ का दरले ।

(२) उपदफा (१) को प्रयोजनको लागि विभिन्न भौगोलिक क्षेत्रहरुको विवरण तोकिए बमोजिम हुनेछ ।

(३) तीन महिनाभन्दा बढी रुजु हाजिर भई कुनै पनि वर्गीकृत भौगोलिक क्षेत्रमा सेवा गरेमा दामासाहिका दरले प्राप्त हुने अङ्क दिइनेछ । भौगोलिक क्षेत्रमा काम गरे बापत पाउने अङ्क हाल बहाल रहेको श्रेणीमा प्राप्त गरेको भए मात्र गणना गरिनेछ ।

(४) विदेशस्थित शाही नेपाली कुटनैतिक नियोग वा अन्य कार्यालयमा काम गर्ने र वैदेशिक तालिममा काजमा जाने निजामती कर्मचारीलाई "ङ" वर्ग सरहको अङ्क दिइनेछ ।

२४घ. <u>शैक्षिक योग्यता र तालिमको मूल्याङ्कन</u> : (१) निजामती कर्मचारीहरुलाई शैक्षिक योग्यताको अङ्क दिंदा निजामती सेवाको कुनै पनि पदमा प्रवेश गर्न आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता र सोभन्दा माथिको सम्बन्धित विषयको एक अतिरिक्त शैक्षिक उपाधि



३०० आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बापतको अङ्क दिइनेछ । शैक्षिक योग्यता बापत पन्ध्र अङ्कमा नबढ्ने गरी देहाय बमोजिम अङ्क दिइनेछ :-

| शैक्षिक योग्यता (उपाधि) | अङ्क प्रथम श्रेणी | द्वितीय श्रेणी | तृतीय श्रेणी |
|---|---|---|---|
| (क) सेवा प्रवेशको निमित्त तोकिएको न्यूनतम शैक्षिक योग्यता बापत -- | ११.५ | ११ | १०.५ |
| (ख) सेवा प्रवेशको निमित्त तोकिएको न्यूनतम शैक्षिक योग्यताभन्दा माथिको सम्बन्धित विषयको कुनै एक अतिरिक्त शैक्षिक उपाधि बापत ---------- | ३.५ | ३ | २.५ |

(२) सेवा प्रवेशको निमित्त चाहिने शैक्षिक योग्यताभन्दा माथिल्लो उपाधि मात्र पाएको निजामती कर्मचारीलाई उपदफा (१) को खण्ड (क) मा उल्लेख भएको अङ्क मात्र दिइनेछ ।

उदाहरणार्थ : न्यूनतम शैक्षिक योग्यता स्नातक वा सो सरह तोकिएको अवस्थामा कुनै कर्मचारीले प्रविणता प्रमाणपत्र (इन्टरमिडियट) वा सो सरहको उपाधि पश्चात सोझै स्नातकोत्तर वा सो सरहको उपाधि पाएको रहेछ भने निजलाई उपदफा (१) को खण्ड (क) बमोजिम न्यूनतम शैक्षिक योग्यता बापतको अङ्क मात्र दिइनेछ र त्यस्तो अवस्थामा सोही योग्यता बापत उपदफा (१) को खण्ड (ख) मा तोकिएको अङ्क दिइने छैन ।

३०९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) दफा ७ को खण्ड (घ) र (ङ) बमोजिम खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने राजपत्राङ्कित द्वितीय र प्रथम श्रेणीको पदको निमित्त निर्धारित न्यूनतम शैक्षिक योग्यता बाहेक राजपत्राङ्कित द्वितीय श्रेणीभन्दा माथिको पदमा बढुवाको लागि पनि राजपत्राङ्कित तृतीय श्रेणीको सेवा प्रवेशको लागि निर्धारित न्यूनतम शैक्षिक योग्यतालाई न्यूनतम शैक्षिक योग्यता मानिनेछ ।

(४) श्रेणी नखुलेको शैक्षिक योग्यताको हकमा प्राप्ताङ्कको आधारमा त्रिभुवन विश्वविद्यालयले निर्धारण गरेको श्रेणी कायम गरिनेछ ।

(५) सेवाकालीन तालिम बापत प्रथम श्रेणीको लागि २ अङ्क, द्वितीय श्रेणीको लागि १.५ अङ्क र तृतीय श्रेणीको लागि १ अङ्क दिईनेछ ।

(६) निजामती कर्मचारीलाई तालिमको अङ्क दिंदा एक महिना वा सोभन्दा बढी अवधिको सेवासंग सम्बन्धित विषयको सेवाकालीन तालिम बापत अङ्क दिइनेछ । तालिमको अङ्क गणना गर्दा जुन श्रेणीमा छंदा तालिमको लागि मनोनयन भएको हो सो अङ्क सोही श्रेणीको लागि मात्र गणना गरिनेछ ।

(७) निजामती कर्मचारीले शैक्षिक योग्यता र सेवाकालीन तालिम बापतको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ । सो पेश नगरेमा त्यस बापत अङ्क दिइने छैन ।

२४ङ. <u>वैयक्तिक विवरण दुरुस्त राख्नु पर्ने</u> : आफ्नो कार्यालयमा कार्यरत निजामती कर्मचारीको वैयक्तिक विवरण दुरुस्त राख्ने जिम्मेवारी कार्यालय प्रमुखको हुनेछ । संभाव्य उम्मेदवार भैसकेको निजामती कर्मचारीहरुको दरखास्त फाराम उपलब्ध हुन नसकेको अवस्थामा पनि निज बढुवाको लागि संभाव्य उम्मेदवार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।



३०२

हुनबाट वञ्चित हुने छैन । निजको दरखास्त फाराममको सट्टा सम्बन्धित कार्यालयले उपलब्ध गराएको विवरणलाई आधार मानी अङ्क दिइनेछ ।

२४च. <u>बढुवाको उजुरी</u>: (१) दफा २० बमोजिम बढुवा समितिले गरेको बढुवाको सिफारिसमा चित्त नबुझ्ने सम्बन्धित निजामती कर्मचारीले त्यस्तो सिफारिस गरेको मितिले पैंतीस दिनभित्र लोक सेवा आयोगमा उजुरी दिन सक्नेछ र त्यसरी परेको उजुरीमा उजुरी गर्ने म्याद नाघेको मितिले साठी दिनभित्र टुङ्गो लगाइनेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएका उजुरी टुंगो लागेपछि पहिले प्रकाशित बढुवा नामावलीमा संशोधन गर्नु पर्ने भएमा उजुरी सुन्ने अधिकारीले सोको सूचना बढुवा समितिलाई दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम उजुरी छानबीन गर्दा जानीजानी त्रुटिपूर्ण मूल्याङ्कन गरेको देखिएमा लोक सेवा आयोगले मूल्यांकनकर्तालाई चेतावनी दिन सक्नेछ ।

(४) उपदफा (१) बमोजिम पर्न आएको उजुरी झुट्टा ठहरिएमा उजुरी पछि हुने बढुवामा त्यस्तो उजुरीकर्ताको पहिलो पटकको उजुरी भए २ अङ्क र दोस्रो पटकको उजुरी भए ३ अङ्क काटिनेछ ।

(५) उपदफा (३) वा (४) बमोजिम भएको कारबाहीको सूचना सम्बन्धित कर्मचारी लगायत बढुवा समितिको सचिवालय र सम्बन्धित कर्मचारी कार्यरत रहेको कार्यालयमा पठाउनु पर्नेछ ।

(६) बढुवाको उजुरी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ । "



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२४. मूल ऐनको दफा २५ मा संशोधन : मूल ऐनको दफा २५ मा रहेका "२३ र २४" भन्ने अङ्क र शब्दको सट्टा "२४, २४क., २४ख., २४ग. र २४घ.," भन्ने अङ्क र शब्द राखिएका छन् ।

२५. मूल ऐनको दफा २६ मा संशोधन : मूल ऐनको दफा २६ को सट्टा देहायको दफा २६ राखिएकोछ :-

"२६. सेवा, समूह वा उपसमूह परिवर्तन : श्री ५ को सरकारले आवश्यक ठानेमा कुनै निजामती कर्मचारीलाई कुनै एक प्रकारको निजामती सेवाको पदबाट अर्को प्रकारको निजामती सेवाको पदमा वा एक निजामती सेवाभित्रको एक समूह वा उपसमूहबाट अर्को समूह वा उपसमूहमा लोक सेवा आयोगको परामर्श लिई तोकिएको आधारमा सेवा, समूह वा उपसमूह परिवर्तन गर्न सक्नेछ । न्याय सेवाका राजपत्रांकित कर्मचारीको सेवा वा समूह परिवर्तन गर्दा न्याय सेवा आयोगको समेत सहमति लिनु पर्नेछ ।"

२६. मूल ऐनको दफा २७ मा संशोधन : मूल ऐनको दफा २७ को,-

(१) उपदफा (२) मा रहेका "श्री ५ को सरकारले" भन्ने शब्दहरु पछि "प्रत्येक दुई वर्षमा पुनरावलोकन गरी" भन्ने शब्दहरु थपिएका छन् ।

(२) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएकोछ :-

"(३) दफा २९ वा ६० मा उल्लेख भएको अवस्थामा बाहेक यो ऐन प्रारम्भ भए पछि प्रत्येक निजामती कर्मचारीले एक वर्षको सेवा पूरा गरेपछि निजको शुरु तलब स्केलको दरले हुने एक दिनको तलब बराबरको रकम भन्दा कम नहुने गरी तोकिए बमोजिमको रकम तलब वृद्धि पाउनेछ । कुनै निजामती


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कर्मचारीको तलब वृद्धि रोक्का भएकोमा सो तलब वृद्धि कुन मितिदेखि फुकुवा हुने हो सो कुरा सम्बन्धित अधिकारीले लिखित रुपमा जनाई राख्नु पर्नेछ।"

२७. मूल ऐनको दफा २८ मा संशोधन : मूल ऐनको दफा २८ मा रहेको "भत्ता" भन्ने शब्दको सट्टा "र भत्ता पाउने भए भत्ता समेत" भन्ने शब्दहरु राखिएका छन्।

२८. मूल ऐनको दफा ३२ मा संशोधन : मूल ऐनको दफा ३२ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएकोछ :-

"(१क) निवृत्तभरण पाउने गरी अवकाश प्राप्त कर्मचारीलाई निजले पाउने एक महिनाको निवृत्तभरण बराबरको रकम दशैं खर्चको रुपमा दिइनेछ।"

२९. मूल ऐनको दफा ३३ मा संशोधन : मूल ऐनको दफा ३३ को उपदफा (१) र (२) को सट्टा देहायको उपदफा (१) र (२) राखिएका छन् :-

"(१) अन्ठाउन्न वर्ष उमेर पूरा भएको वा दफा १७ बमोजिमको पदावधि पूरा भएको निजामती कर्मचारीले निजामती सेवाबाट स्वत: अवकाश पाउनेछ।

(२) उपदफा (१) लागू हुनु अघि ३० वर्ष सेवा अवधि पुगी म्याद थप भई निजामती सेवामा बहाल रहेका निजामती कर्मचारीहरु पनि ५८ वर्ष उमेर पूरा नहुन्जेलसम्म निजामती सेवामा बहाल रहन सक्नेछन्।

तर दफा १७ बमोजिम पदावधि तोकिएका निजामती कर्मचारीको हकमा सोही दफा बमोजिम हुनेछ।"

३०. मूल ऐनको दफा ३४ मा संशोधन : मूल ऐनको दफा ३४ को सट्टा देहायको दफा ३४ राखिएकोछ :-

"३४. अवकाश दिन सक्ने : श्री ५ को सरकारले देहायका



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अवस्थामा कुन पनि निजामती कर्मचारीलाई सेवाबाट अवकाश दिन सक्नेछ :-

(क) कुनै निजामती कर्मचारीले आफ्नो जिम्मामा रहेको वा आफूले कुनै तरिकाबाट प्राप्त गरेको सरकारी गोप्य कागजात, लिखत वा जानकारी कुनै अनधिकृत व्यक्ति वा निकायलाई दिएमा वा दिने प्रयास गरेको कुरा प्रमाणित भएमा,

(ख) कुनै निजामती कर्मचारीले राष्ट्रिय हित विपरीत कुनै विदेशी राष्ट्र, संस्था वा नागरिकसंग अवाञ्छित सम्पर्क कायम गरी आफ्नो ओहदाको मर्यादा विपरीत गैर जिम्मेवारीपूर्ण व्यवहार गरेको कुरा प्रमाणित भएमा ।"

३१. मूल ऐनमा दफा ३४क. थप : मूल ऐनको दफा ३४ पछि देहायको दफा ३४क. थपिएकोछ :-

"३४क. असमर्थ कर्मचारीको सम्बन्धमा विशेष व्यवस्था : कुनै निजामती कर्मचारी शारीरिक वा मानसिक रोगको कारणबाट नियमित रुपमा सेवा गर्न असमर्थ छ भनी श्री ५ को सरकारले गठन गरेको मेडिकल बोर्डबाट प्रमाणित भई आएमा श्री ५ को सरकारले निजलाई निजको सेवा अवधिमा बढीमा सात वर्ष सेवा अवधि थप गरी अवकाश दिन सक्नेछ ।"



३०५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३२. मल ऐनको दफा ३५ मा संशोधन : मूल ऐनको दफा ३५ को सट्टा देहायको दफा ३५ राखिएकोछ :-

"३५. स्वेच्छिक अवकाश : निवृत्तभरण पाउने अवस्था र उमेरको हद पचास वर्ष पूरा भएका निजामती कर्मचारीले श्री ५ को सरकारद्वारा नेपाल राजपत्रमा प्रकाशित सूचनामा तोकिएको अवधिभित्र सोही सूचनामा उल्लिखित शर्तमा स्वेच्छिक अवकाश लिन सक्नेछ । यसरी स्वेच्छिक अवकाश लिने कर्मचारीमध्ये सम्बत् २०४९ साल कार्तिक २१ गते भन्दा अघि निजामती सेवामा प्रवेश गर्नेको हकमा साठी वर्ष उमेर ननाघ्ने गरी र उक्त मिति वा सो भन्दा पछि निजामती सेवामा प्रवेश गर्नेको हकमा अन्ठाउन्न वर्ष उमेर ननाघ्ने गरी बढीमा सात वर्ष सेवा अवधि थप गरी निवृत्तभरणको लागि जम्मा सेवा अवधि कायम गरिनेछ ।"

३३. मल ऐनको दफा ३७ मा संशोधन : मूल ऐनको ३७ को,-

(१) उपदफा (२) मा रहेका "आधा भन्दा कम" भन्ने शब्दहरु पछि "र अधिकतम समान पदको बहालवाला निजामती कर्मचारीको तलबको शुरु स्केल भन्दा बढी" भन्ने शब्दहरु थपिएका छन् ।

(२) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएकोछ :-

"(३) सम्वत् २०४९ साल कार्तिक २१ गते भन्दा अघिदेखि निजामती सेवामा बहाल रहेको कर्मचारीले ३० वर्ष सेवा अवधि पूरा गरिसकेको भए स्वेच्छाले सेवाबाट अवकाश लिन सक्नेछ । यसरी स्वेच्छाले सेवाबाट अवकाश लिएको वा सम्वत् २०४९ साल

कार्तिक २१ गतेभन्दा अघिदेखि निजामती सेवामा बहाल भै ५८ वर्ष उमेर पूरा भएको कारणबाट दफा ३३ बमोजिम स्वत: अवकाश प्राप्त गरेको निजामती कर्मचारीको उमेर साठी वर्ष पूरा हुन जति अवधि बाँकी छ सो अवधि थप गरी निजको जम्मा सेवा अवधि कायम गरिनेछ ।"

(३) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएकोछ :-

"(४) पन्ध्र वर्ष सेवा अवधि पूरा गरेको कुनै निजामती कर्मचारीको मृत्यु भएमा निजको सेवा अवधिमा बढीमा पाँच वर्ष अवधि थप गरी निजको परिवारलाई निवृत्तिभरण वा उपदान जुन लिन चाहन्छ सो रोजेर लिन दिइनेछ ।"

३४. मूल ऐनमा दफा ३९क. थप : मूल ऐनको दफा ३९ पछि देहायको दफा ३९क. थपिएकोछ :-

"३९क. बेपत्ता भएको कर्मचारीको निवृत्तभरण र उपदान : (१) निजामती सेवामा रही काम गरेको कुनै कर्मचारी हराई बेपत्ता भई तोकिएको अवधिसम्म मरे बाँचेको पत्ता नलागेमा त्यस्तो कर्मचारीले दफा ३६ वा ३७ बमोजिम पाउने उपदान वा निवृत्तभरणको रकम निजको परिवारलाई दिइनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३७ बमोजिम निवृत्तभरण लिन पाउने व्यक्ति निवृत्तभरण लिन नपाउँदै बेपत्ता भएमा सात वर्षसम्म र निवृत्तभरण पाउन थालेपछि बेपत्ता भएमा सात वर्ष पुग्न बाँकी अवधिसम्म निजको परिवारलाई निवृत्तभरणको पूरै रकम र सो अवधि


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पछि पति वा पत्नीलाई आजीवन निवृत्तभरणको आधा रकम पारिवारिक निवृत्तभरण दिइनेछ ।

(३) बेपत्ता भएको कर्मचारी पछि फेला परेमा दफा ३६ बमोजिमको उपदान भुक्तानी दिई नसकेको भए सो उपदान वा दफा ३७ बमोजिम पाउने निवृत्तभरणको रकम निजले दाबी गर्न आएको मितिदेखि निजलाई नै दिइनेछ ।

तर उपदफा (१) वा (२) बमोजिम भुक्तानी दिई सकेको उपदान, निवृत्तभरण वा पारिवारिक निवृत्तभरण रकममा पछि फेला परेको व्यक्तिले दाबी गर्न पाउने छैन ।"

३५. मूल ऐनमा दफा ४०क., ४०ख., ४०ग. र ४०घ. थप : मूल ऐनको दफा ४० पछि देहायका दफा ४०क., ४०ख., ४०ग. र ४०घ. थपिएका छन् :-

"४०क. बीमा सुविधा सम्बन्धी व्यवस्था : निजामती कर्मचारीको बीमा सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४०ख. अध्ययन, तालिम वा अध्ययन भ्रमण सम्बन्धी व्यवस्था : (१) सम्बन्धित मन्त्रालय, आयोग वा सचिवालयले आफ्नो मातहतका कर्मचारीलाई अध्ययन, तालिम वा अध्ययन भ्रमणमा पठाउनको लागि प्रत्येक वर्ष सो सम्बन्धी विवरण तयार गरी सामान्य प्रशासन मन्त्रालयमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विवरण प्राप्त भएपछि सामान्य प्रशासन मन्त्रालयले अध्ययन, तालिम वा अध्ययन भ्रमणको लागि विषयगत आधारमा संख्या किटान गरी त्यसको विवरण राष्ट्रिय योजना आयोगमा पठाउनु पर्नेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) श्री ५ को सरकारको नाममा राष्ट्रिय योजना आयोगमा प्राप्त भएका अध्ययन, तालिम वा अध्ययन भ्रमण सम्बन्धी अवसर सबै सेवालाई समानुपातिक रुपले बाँडफाँड गर्न देहाय बमोजिमको समिति रहनेछ :-

(क) श्री ५ को सरकारको मुख्य सचिव – अध्यक्ष

(ख) अर्थ मन्त्रालयको सचिव – सदस्य

(ग) राष्ट्रिय योजना आयोगको सचिव – सदस्य

(घ) सामान्य प्रशासन मन्त्रालयको सचिव – सदस्य-सचिव

(४) उपदफा (३) बमोजिमको समितिको निर्णयानुसारको अवसरहरुको वितरण सामान्य प्रशासन मन्त्रालयले गर्नेछ ।

(५) अध्ययन, तालिम वा अध्ययन भ्रमणमा मनोनयन गर्ने सम्बन्धी आधारहरु तोकिए बमोजिम हुनेछन् ।

४०ग. <u>अध्ययन, तालिम वा अध्ययन भ्रमण पूरा गरेपछि सेवा गर्नु पर्ने अवधि</u> : श्री ५ को सरकारको मनोनयनमा अध्ययन गर्ने, तालिम लिने वा अध्ययन भ्रमणमा जाने निजामती कर्मचारीले त्यस्तो अध्ययन, तालिम वा अध्ययन भ्रमण पूरा गरेपछि अध्ययन, तालिम वा अध्ययन भ्रमणमा जानु भन्दा अघि कार्यरत रहेको मन्त्रालय वा कार्यालयमा यस ऐनको अधीनमा रही देहाय बमोजिमको अवधिसम्म अनिवार्य रुपले सेवा गर्नु पर्नेछ :-

| | अध्ययन, तालिम वा अध्ययन भ्रमणको अवधि | सेवा गर्नु पर्ने न्यूनतम अवधि |
|---|---|---|
| (क) | तीन महीनासम्म | एक वर्ष |
| (ख) | तीन महीनादेखि छ महीनासम्म | डेढ वर्ष |
| (ग) | छ महीनादेखि नौ महीनासम्म | दुई वर्ष |
| (घ) | नौ महीनादेखि एक वर्षसम्म | तीन वर्ष |
| (ङ) | एक वर्षदेखि दुई वर्षसम्म | चार वर्ष |
| (च) | दुई वर्षदेखि तीन वर्षसम्म | पाँच वर्ष |
| (छ) | तीन वर्षदेखि चार वर्षसम्म | सात वर्ष |
| (ज) | चार वर्षदेखि पाँच वर्षसम्म | आठ वर्ष |

४०घ. कबुलियत गर्नु पर्ने : (१) कुनै पनि निजामती कर्मचारीले अध्ययन गर्न, तालिम लिन वा अध्ययन भ्रमण गर्न जानुभन्दा अघि त्यस्तो अध्ययन, तालिम वा अध्ययन भ्रमण पूरा गरी फर्केर आई दफा ४०ग. बमोजिमको सेवा गर्ने कबुलियत गर्नु पर्नेछ ।

(२) कुनै पनि निजामती कर्मचारीले अध्ययन, तालिम वा अध्ययन भ्रमण पूरा गरेपछि सेवा गर्न नआएमा वा दफा ४०ग. बमोजिम गर्नु पर्ने सेवा अवधि पूरा नगरेमा त्यस्तो कर्मचारीबाट अध्ययन, तालिम वा अध्ययन भ्रमण अवधिभर निजले पाएको तलब भत्ता तथा कबुलियतमा उल्लेख भएका अन्य रकमहरु समेत तोकिएको अवधिभित्र नबुझाएमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३६. मूल ऐनको दफा ५३ मा संशोधन : मूल ऐनको दफा ५३ को सट्टा देहायको दफा ५३ राखिएकोछ :-

"५३. निजामती कर्मचारीको युनियन सम्बन्धी व्यवस्था : (१) राजपत्र अनङ्कित र श्रेणी विहीन कर्मचारीहरुले आफ्नो पेशागत हक, हितको लागि एउटा राष्ट्रिय स्तरको कर्मचारी युनियन गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको युनियनको पदाधिकारी भएको कारणले कुनै निजामती कर्मचारीले निजामती सेवामा कुनै पनि किसिमको सहुलियत वा छुट पाउने छैन ।

(३) उपदफा (१) बमोजिमको निजामती कर्मचारी युनियनको गठन तथा सञ्चालन सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।"

३७. मूल ऐनमा दफा ५५क. थप : मूल ऐनको दफा ५५ पछि देहायको दफा ५५क. थपिएकोछ :-

"५५क. चेतावनी दिनसक्ने : कुनै निजामती कर्मचारीले समय पालन नगरेमा, सरकारी काम सम्बन्धी कुरामा आफूभन्दा माथिको कर्मचारीले दिएको आज्ञा पालन नगरेमा वा कार्यालय सम्बन्धी काममा लापरबाही वा ढिलासुस्ती गरेमा त्यस्तो कर्मचारीलाई सम्बन्धित सुपरिवेक्षकले कारण खोली चेतावनी दिन सक्नेछ र सोको अभिलेख सम्बन्धित कर्मचारीको व्यक्तिगत विवरण फाईलमा राख्नु पर्नेछ ।"

३९२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३८. <u>मल ऐनको दफा ५९ मा संशोधन</u> : मूल ऐनको दफा ५९ को,-

(१) पहिलो प्रकरणमा रहेका "सामान्य वा विशेष सजाय" भन्ने शब्दहरुको सट्टा "विभागीय सजाय" भन्ने शब्दहरु राखिएका छन् ।

(२) खण्ड (क) को उपखण्ड (३) मा रहेको "दुई" भन्ने शब्दको सट्टा "पाँच" भन्ने शब्द राखिएकोछ ।

३९. <u>मल ऐनको दफा ६० मा संशोधन</u> : मूल ऐनको दफा ६० को खण्ड (च) पछि देहायका खण्ड (छ) र (ज) थपिएका छन् :-

"(छ) दफा ५५क. बमोजिम एक वर्षमा तीन पटक चेतावनी पाएमा,

(ज) प्रचलित कानूनले तोकेको पदीय दायित्व जिम्मेवारीपूर्वक पूरा नगरेमा ।"

४०. <u>मल ऐनको दफा ६५ मा संशोधन</u> : मूल ऐनको दफा ६५ मा रहेको "भएमा" भन्ने शब्द पछि "वा दफा ६४ को उपदफा (३) बमोजिमको अवधि पूरा भएमा" भन्ने शब्दहरु थपिएका छन् ।

४१. <u>मल ऐनमा दफा ७२क. थप</u> : मूल ऐनको दफा ७२ पछि देहायको दफा ७२क. थपिएकोछ :-

"७२क. <u>व्यवस्थापन परीक्षण</u> : लोक सेवा आयोगको कार्यक्षेत्रभित्रका विषयहरु बाहेक सामान्य प्रशासन मन्त्रालयले श्री ५ को सरकारका विभिन्न


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निकायहरुमा कार्यरत निजामती कर्मचारीले प्रचलित कानून तथा अन्य प्रशासकीय नियम र कार्यविधिहरु पालन गरे नगरेको सम्बन्धमा सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कन गरी निर्देशन दिन र त्यसरी सुपरिवेक्षण गर्दा कुनै निजामती कर्मचारी उपर विभागीय कारबाही गर्नु पर्ने देखिएमा सो समेत सिफारिस गर्न सक्नेछ र सोको वार्षिक प्रतिवेदन श्री ५ को सरकार समक्ष पेश गर्नेछ।"

४२. मूल ऐनको दफा ७३ मा संशोधन : मूल ऐनको दफा ७३ को सट्टा देहायको दफा ७३ राखिएकोछ :-

"७३. निजामती सेवामा पुन: कायम भएमा तलब र भत्ता पाउने : (१) कुनै निजामती कर्मचारीलाई निजामती सेवाबाट अवकाश दिने, हटाउने वा बर्खास्त गर्ने गरी भएको आदेश अदालतबाट रद्द भई निज निजामती सेवामा पुन: कायम भएमा त्यस्तो कर्मचारीले निजामती सेवाबाट अवकाश दिइएको, हटाइएको वा बर्खास्त गरिएको मितिदेखि निजामती सेवामा पुन: कायम भएको मितिसम्मको तलब, भत्ता र तलब वृद्धि पाउने भए सो समेत पाउनेछ।

(२) सम्वत् २०५० साल जेठ ४ गते अघि निजामती सेवाबाट अवकाश दिइएको, हटाइएको वा बर्खास्त गरिएको निजामती कर्मचारीले सो मिति

३०८


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पश्चात भएको अदालतको आदेशद्वारा निजामती सेवामा पुन: कायम भएमा त्यस्तो कर्मचारीले पनि उपदफा (१) बमोजिम तलब, भत्ता र तलब वृद्धि पाउनेछ ।"

४३. <u>खारेजी</u> मूल ऐनको दफा २३ खारेज गरिएकोछ ।

लालमोहर सदर मिति:- २०५५।३।२९।२

आज्ञाले,
तीर्थमान शाक्य
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।